श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:-

२०३२ सालको अध्यादेश नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०३२" रहेको छ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा प्रारम्भ हुनेछन् ।

२. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २ मा संशोधन :

(१) स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) "निर्वाचन" भन्नाले गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य, जिल्ला सभाको सदस्य वा जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ ।"

(२) मूल ऐनको दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "मतदाता" भन्नाले देहायका पदको निर्वाचनमा देहायका व्यक्तिहरू सम्झनु पर्छः–

(१) गाउँ सभाको सदस्यपदको हकमा गाउँ पञ्चायत क्षेत्रका सम्बन्धित वडाका एक्काईस वर्षको उमेर पूरा गरेका र मगज नबिग्रेका नेपाली नागरिकहरू,

(२) गाउँ पञ्चायतको सदस्यपदको हकमा गाउँ सभाका सदस्यहरू,

(३) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च पदको हकमा गाउँ पञ्चायतका सदस्यहरू,

(४) नगर सभाको सदस्यपदको हकमा नगर पञ्चायत क्षेत्रका सम्बन्धित वडाका एक्काईस वर्षको उमेर पूरा गरेका र मगज नबिग्रेका नेपाली नागरिकहरू,

(५) नगर पञ्चायतको सदस्यपदको हकमा नगर सभाका सदस्यहरू,

(६) नगर पञ्चायतका प्रधान पञ्च र उप-प्रधान पञ्च पदको हकमा नगर पञ्चायतका सदस्यहरू,

(७) जिल्ला सभाको सदस्यपदको हकमा नगर पञ्चायतका सदस्यहरू,

(८) जिल्ला पञ्चायतको सदस्यपदको हकमा जिल्ला सभाका सदस्यहरू, र

(९) जिल्ला पञ्चायतका सभापति र उप-सभापति पदको हकमा जिल्ला पञ्चायतका सदस्यहरू ।"

(३) मूल ऐनको दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) "उम्मेदवार" भन्नाले देहायका पदको लागि निर्वाचनमा खडा हुने देहायका व्यक्ति सम्झनु पर्छः–

(१) गाउँ सभाको सदस्यताको निमित्त गाउँ पञ्चायत क्षेत्रका सम्बन्धित वडाका मतदाता,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८२

(२) गाउँ पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित वडाका गाउँ सभाको सदस्य,

(३) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्चको निमित्त गाउँ पञ्चायतको सदस्य,

(४) नगर सभाको सदस्यताको निमित्त नगर पञ्चायतको क्षेत्रको सम्बन्धित वडाको मतदाता,

(५) नगर पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित वडाका नगर सभाका सदस्य,

(६) नगर पञ्चायतका प्रधान पञ्च र उप-प्रधान पञ्चको निमित्त नगर पञ्चायतका सदस्य,

(७) जिल्ला सभाको सदस्यताको निमित्त सम्बन्धित नगर पञ्चायतका सदस्य,

(८) जिल्ला पञ्चायतको सदस्यताको निमित्त सम्बन्धित जिल्ला सभाको सदस्य, र

(९) जिल्ला पञ्चायतको सभापति र उप-सभापतिको निमित्त जिल्ला पञ्चायतको सदस्य।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उप-दफा (१) र (२) मा रहेको "रिटर्निङ्ग अधिकृत र" भन्ने शब्दहरू र सोही दफाको उप-दफा (३) मा रहेको "रिटर्निङ्ग अधिकृत वा" भन्ने शब्दहरू झिकिएका छन्।

४. मूल ऐनमा दफा ५ क र ५ ख थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५ क र ५ ख थपिएको छः–

"५ क. मतदाताको उमेरको गणना : गाउँ सभा र नगर सभाको निर्वाचनको लागि मतदाताको उमेरको गणना गर्दा दफा ५ बमोजिम मतदाता नामावली प्रकाशित भएको मितिसम्ममा एक्काईस वर्षको उमेर पूरा गरेको हुनु पर्नेछ।

५ ख. उम्मेदवारको अयोग्यता : (१) देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैनः–

(क) मगज बिग्रेको,

(ख) लाटो,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
458

(ग) साहूको दामासाहीमा परेको,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको बहालवाला कर्मचारी,

(च) कुनै तहको पञ्चायतको बहालवाला कर्मचारी,

(छ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा दोषी प्रमाणित भए बापत छ महीनाभन्दा बढी कैदको सजाय भई सो कैदको सजाय भोगी सकेको मितिले पाँच वर्ष भुक्तान नभएको,

(ज) निर्वाचनसम्बन्धी अपराधमा अदालतबाट भएको कैद ा सजाय भोगी सकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको,

(झ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्धारण गरेको योग्यता नपुगेको आधारमा गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा र नगर पञ्चायतको निर्वाचनको हकमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले र जिल्ला सभा र जिल्ला पञ्चायतको निर्वाचनको हकमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले उम्मेदवारी अनुमोदन नगरेको,

(ञ) कुनै कानूनले अयोग्य भएको।

(२) संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ वा राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत कुनै अदालतको फैसलाबाट कैदको सजाय पाएको व्यक्तिले सो सजाय भोगी सकेको मितिले दुई वर्षसम्म निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

"(२) उप-दफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि निर्वाचन अधिकृतले सो दरखास्त रीतपूर्वक छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा दरखास्तवाला वा निजको वारीसलाई दिनुपर्छ र रीत नपुगेकोमा जे जति रीत नपुगेको हो सो सच्याउन मौका दिनुपर्छ। यसरी सच्याउन मौका दिंदा दरखास्तमा प्रस्तावक वा समर्थक दोहोरिएको वा कुनै उम्मेदवार नै प्रस्तावक वा समर्थक भएको रहेछ भने सो कुराको उल्लेख गरी निर्वाचन अधिकृतले सच्याउने मौका दिनु पर्नेछ। दरखास्तवालाले सच्याउन नचाहेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४५५

सो व्यहोरा दरखास्तमा जनाई त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ ।"

६. मूल ऐनमा दफा १० क थप : मूल ऐनको दफा १० पछि देहायको दफा १० क थपिएको छ:–

"१० क. उम्मेदवारको विरोध गर्ने : दफा १० बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि निर्वाचन अधिकृतले तोकेको म्यादभित्र उम्मेदवारको योग्यताको सम्बन्धमा मतदाताले विरोध गरी उजूरी दिन सक्नेछ र यस उजूरी पर्न आएमा निर्वाचन अधिकृतले उम्मेदवारलाई आफ्नो सफाइ पेश गर्ने मौका दिई तुरून्त छानवीन गरी निर्णय दिनु पर्नेछ ।"

७. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ:–

"१९. संकटकालमा मतदान स्थगित गर्ने : कुनै मतदान केन्द्रमा हूलदङ्गा भई वा कुनै प्राकृतिक विपद परी वा अरू कुनै कारणले गर्दा मतदानकार्य सञ्चालन हुन नसक्ने भएमा निर्वाचन अधिकृतले सो दिनको कार्य स्थगित गरी साधारणतया त्यसको भोलिपल्टै सो केन्द्रको मतदानकार्य सम्पन्न गर्नु पर्नेछ । त्यसरी स्थगित भएको र अर्को दिन मतदानकार्य सम्पन्न भएको कुराको सूचना निर्वाचन अधिकृतले तुरून्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।"

८. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ:–

"२३. निर्वाचनको परिणामको घोषणा : (१) मतगन्ती सकिने वित्तिकै निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारले पाएको मतको कूल संख्या चढाई परिणा[म] तालिका तयार गर्नेछ र उप-दफा (२) र (३) बमोजिम निर्वाचनको परिणाम घोषणा गर्नेछ ।

(२) गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च, नगर पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च तथा जिल्ला पञ्चायतको सभापति र उप-सभापतिको निर्वाचनमा सम्बन्धित पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।

(३) गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत, जिल्ला सभा तथा जिल्ला पञ्चायतको सदस्य पदको लागि भएको मतदानमा साधारण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।

तर मतदानमा सबभन्दा बढी मत पाउने दुई वा दुईभन्दा बढी उम्मेदवारहरूको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्च, नगर पञ्चायतको प्रधान पञ्च वा उप–प्रधान पञ्च वा जिल्ला पञ्चायतको सभापति वा उप–सभापति पदमा उम्मेदवार हुने व्यक्तिले उपदफा (२) बमोजिम सम्बन्धित पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमत प्राप्त गर्न नसकेमा सो पदमा कुनै उम्मेदवार निर्वाचित हुने छैन र सो पदमा प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित पञ्चायतका सदस्यहरूमध्येबाट गाउँफर्क राष्ट्रिय अभियान समितिले मनोनीत गर्नेछ ।"

९. मूल ऐनमा दफा २३ क थप : मूल ऐनको दफा २३ पछि देहायको दफा २३ क थपिएको छ:–

"२३ क. निर्वाचन बदर गर्न सकिने: पद नै रिक्त नभएकोमा पद रिक्त भएको सम्झी कुनै निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न गरेको कुराको उजूरी निर्वाचन आयोगमा परेमा निर्वाचन आयोगले आवश्यक जाँचबुझ गरी पद रिक्त नभएको ठहऱ्याएमा सो पदको लागि भएको निर्वाचन बदर गर्न सक्नेछ ।"

१०. मूल ऐनको दफा २७ मा संशोधन : (१) मूल ऐनको दफा २७ को उप–दफा (१) मा रहेको "गाउँ पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "गाउँ सभा वा गाउँ पञ्चायतका निर्वाचनमा" भन्ने शब्दहरू र सोही उप–दफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "कुनै गाउँ पञ्चायतको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कुनै गाउँ सभा वा गाउँ पञ्चायतको सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) मूल ऐनको दफा २७ को उप–दफा (२) मा रहेको "नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "नगर सभा वा नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू र सोही उप-दफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "कुनै नगर पञ्चायतको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कुनै नगर सभा वा नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू राखिएका छन् ।

(३) मूल ऐनको दफा २७ को उप-दफा (३) मा रहेको "गाउँ पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरूको सट्टा "गाउँ सभा र गाउँ पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरू र "नगर पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरूको सट्टा "नगर सभा वा नगर पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरू राखिएका छन् र सोही उप-दफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "कुनै गाउँ पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "कुनै गाउँ सभा वा गाउँ पञ्चायतको निर्वाचनको हकमा" भन्ने शब्दहरू र "नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरूको सट्टा "नगर सभा वा नगर पञ्चायतको निर्वाचनमा" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. रूपान्तर: मूल ऐनमा "पोलिङ्ग अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

१२. खारेजी: मूल ऐनको दफा २८ खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३२।९।१७।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।